मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

**तहः बी.एड./चौथो सेमेस्टर** पूर्णाङ्क : ६०

**समयः ३ घण्टा** उत्तीर्णाङ्क : ३०

**विषयः** आधुनिक नेपाली नाटक र एकाङ्की (नेपा.शि.३४६)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** ६×५=३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. नाटक र एकाङ्कीको सैद्धान्तिक परिचय दिदै यी दुई बिचको समानता र भिन्नता देखाउनहोस्।

२. प्रसङ्गसहित व्याख्या गर्नुहोस् ।
"हेर्नुहोस् तपाईं जस्तो इमान्दार कर्मचारीलाई बोर्डले ठूलो अन्याय गरेको छ भन्ने मलाई थाहा छ तर के गर्ने, मेरो हातमा केही छैन।"

३. एकाङ्कीकार मोहनराज शर्माका प्रमुख प्रवृत्ति उल्लेख गर्दै 'अब बाँझो हुन्न' एकाङ्कीको उदेश्य प्रष्ट्यानुहोस्।

**अथवा**

भीमनिधि तिवारीको परिचयसहित 'भावना' एकाङ्कीको उद्देश्यगत अभिप्राय माथि प्रकाश पार्नुहोस्।

४. कथानक र शीर्षक सार्थकताका दृष्टिले 'अब बाँझो हुन्न' एकाङ्कीको विश्लेषण गर्नुहोस्।

५. आधुनिक नेपाली नाटकका उत्तरवर्ती प्रवृत्तिहरू उल्लेख गर्नुहोस्।

६. युगको शिकार' एकाङ्कीमा समाजका के कस्ता विकृतिप्रति व्यङ्ग्य गरिएको छ ? कथानकका आधारबाट यसले दिन खोजेको सन्देश बारे चर्चा गर्नुहोस्।

**अथवा**

'गङ्गालालको चिता' एकाङ्कीलाई परिवेश र भाषाशैलीका आधारबाट विश्लेषण गर्नुहोस्।

**समूह 'ग'** २×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।**

७ नाटककार बालकृष्ण समका प्रमुख नाट्य प्रवृत्ति उल्लेख गर्दै 'मुटुको व्यथा' नाटकका प्रमुख पात्रहरूको चरित्र चित्रण गर्नुहोस्।

८. 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकलाई नाट्यतत्वका आधारबाट विश्लेषण गर्नुहोस्।

**अथवा**

नाटककार विजय मल्लको परिचय र नाट्य प्रवृत्ति उल्लेख गर्दै 'स्मृतिको पर्खालभित्र' नाटकमा अभिव्यक्त दृष्टिकोण खुलस्त पार्नुहोस्।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

तह: बी.एड./चौथो सेमेस्टर

**विषय:** आधुनिक नेपाली नाटक र एकाङ्की (नेपा.शि.३४६)

---

**रोल नं.** ....................

**समूह 'क'** **१०×१ = १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. स्थानगत दृष्टिले 'मुटुको व्यथा' नाटकको परिवेश कुन हो ?
(क) पहाडी परिवेश (ख) पूर्वी नेपाल
(ग) जुम्ला र काठमाडौ (घ) अन्तराष्ट्रिय परिवेश

२. नेपाली भाषामा लेखिएको पहिलो नाटक कुन हो ?
(क) मुटुको व्यथा (ख) प्रेम
(ग) श्रद्धाञ्जली (घ) हाँस्यकदम्ब

३. अशेष मल्लको नाट्य विशेषता कुन हो ?
(क) हाँस्यव्यङ्ग्यात्मकता (ख) वौद्धिक नाटककार
(ग) भाषाशैलीमा नवीनता (घ) सडक नाटककार

४. कथानकको प्रस्तुतिका दृष्टिले अभिनेयात्मक विधा कुन कुन हुन् ?
(क) नाटक र निवन्ध (ख) नाटक र एकाङ्की
(ग) नाटक र कथा (घ) नाटक र उपन्यास

५. "नाटक प्रकृति प्रतिबिम्बित हुने दर्पण हो " भनी परिभाषा गर्ने विद्वान को हुन् ?
(क) भिक्टर ह्युगो (ख) दयाराम श्रेष्ठ
(ग) सिसेरो (घ) बालकृष्ण सम

६..'गङ्गालालको चिता' एकाङ्कीका लेखक को हुन् ?
(क) गोपाल पराजुली (ख) भीमनिधि तिवारी
(ग) मोहनराज शर्मा (घ) हृदयचन्द्र सिंह प्रधान

७. 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकको प्रमुख पात्र कुन हो ?
(क) आसलाल (ख) डबली मैयाँ
(ग) कान्छी (घ) सुब्बा साहु

८.'स्मृतिको पर्खालभित्र' नाटकमा स्मृति मात्रका पात्र कुन कुन हुन् ?
(क) महेश्वर र किशोरी (ख) शर्मिला र सुशिलराज
(ग) प्रदीपराज र गणेश बहादुर (घ) पाले र जमुनी

९. द्वन्द्व प्रधान एकाङ्की कुन हो ?
(क) युगको सिकार (ख) गोर्लाद्धका दुई छेउ
(ग) म भनेको हामी (घ) अब बाँझो हुन्न

१०. 'भावना' एकाङ्कीको मुख्य उद्देश्य के हो ?
(क) वर्तमान परिवेशको चित्रण (ख) शान्त समाजको सिजना गर्नु
(ग) राष्ट्रवादी सन्देश दिनु (घ) सामाजिक विसङ्गतिको चित्रण